# महालक्ष्मी राजपत्र

महालक्ष्मी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३, कमलपोखरी, आषाढ १३, २०७६ अतिरिक्ताङ्क १


## भाग – १

## महालक्ष्मी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिका, ललितपुरको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, केही महसुल, कर, मालपोत र दस्तुरहरु लगाउन, लगाई राखेको दरलाई चालु राख्न तथा हेरफेरगरी स्थानीय कर दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महालक्ष्मी नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पति कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची -१ बमोजिम सम्पति कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमिकर (मालपोत):** महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची - २ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घरजग्गा बहाल कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची -३ बमोजिम बहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची - ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **बहाल बिटौरी शुल्क:**

महालक्ष्मी नगरपालिका, ललितपुरक्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-५ मा उल्लेख भए अनुसार हाट बजार वा पसल तथा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

७. **पार्किङ शुल्क:**

महालक्ष्मी नगरपालिका,ललितपुर क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची -६ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस(खर), कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची -७ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

९. **सेवा शुल्क, दस्तुर:**

(१) महालक्ष्मी नगरपालिका,ललितपुरक्षेत्रभित्र सञ्चालनमा रहेको केबलकार, ट्रेकिङ्ग, कायकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग शुल्क, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसाय सञ्चालनमा अनुसूची -८ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र निर्माण, सञ्चालन वा व्यवस्थापन गरिएका अनुसूची -९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **कर छुट तथा जरिवाना:**

(१) उपदफा (२) मा उल्लेख गरेको अवस्थामा बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

(२) जुनसुकै करदाताले पहिलो तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको दश प्रतिशत र तीन महिना पछिको अर्को तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको पाँच प्रतिशत कर छुट दिइनेछ।

(३) नेपाल सरकारले उपलब्ध गराएको नमूना बमोजिम घर बनाउने भूकम्प प्रभावितहरुलाई घर नक्सा स्वीकृत दस्तुरमा पुरै छुट दिइनेछ।

(४) भूकम्प प्रभावितहरुले बनाउने घरमा घर नक्सा स्वीकृत गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

(५) सम्पदा बस्ती क्षेत्रभित्र तोकिएको मापदण्ड पूरा गरी परम्परागत शैलीमा तोकिएकै शर्त अनुरुप घर निर्माण गर्दा नक्सा पास दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ।

(६) कुनै पनि करदाताले एक आ.व.को कर जुन आर्थिक वर्ष हो सोही आर्थिक वर्षमा तिर्नु पर्दछ तर उक्त आर्थिक वर्षमा नतिरि अर्को आर्थिक वर्षमा तिर्न आएमा लाग्ने करको प्रतिवर्ष १० प्रतिशतका दरले थप जरीवाना सहित कर असुल गरिनेछ।

११. **शिक्षा विकास कोष शुल्क:**

(१) स्टेसनरी, पुस्तक तथा स्पोर्टस, छापाखाना, परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र, सार्बजनिक परिवहन, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीतभण्डार, छपाई तथा प्रकाशन, नेपाल सरकारको पूर्ण स्वामित्व भएका बाहेक वाणिज्य बैंक, वित्तीय कम्पनी,बिमा कम्पनी, बिदेशी मुद्रा सटही, धितोपत्र कारोवार, सहकारी बैंक, पुल हाउस तथा स्नुकर, स्वीमिङ्ग पुल, ड्राइभिङ्ग इन्स्टिच्यूट, रङ्ग रोगन, नक्सा डिजाइन कन्सल्ट्यान्सी व्यवसायहरूमा अनुसूची -४ मा तोकिएको दरमा शिक्षा विकास कोष शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) यो शुल्क व्यवसाय करसँगै असूल उपर गरिनेछ।

१२. **सामाजिक विकास शुल्कः**

(१) सामाजिक विकास कोष सञ्चालन कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक विकासका कामहरू का लागि सूर्ति तथा सूर्तिजन्य पदार्थ, मदिरा तथा मदिराजन्य पदार्थ, पेय पदार्थ, फलफूल तथा जुस, ज्वेलरी, आल्मुनियम, तामा, पित्तल, स्टील, फलाम, भाँडाकुडा, लत्त कपडा, जुत्ता, कस्मेटिक, ब्यूटिपार्लर, केश श्रृंगार, ड्राइक्लिनर्स, फोटो स्टुडियो, सिलाई, भिडियो क्यासेट, दैनिक उपभोग्य वस्तु, होटल, रिसोर्ट, स्काई डाईभिङ्ग, प्याराग्लाइडिङ्ग, ट्राभलएजेन्सी, होटल, होटल एण्ड लज, खाजा घर, गैरसरकारी अस्पताल, नर्सिङ्गहोम, क्लिनिक तथा ल्याव, रेडियो, टि.भि.घडी, प्रेशरकुकर, हिटर, टेलिफोनसेट, बिद्युत सामाग्री मर्मत केन्द्र, पार्टीप्यालेस, बैदेशिक रोजगार सेवा, हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री रियलस्टेट, सिसा र प्लाइउड बिक्रेता, स्टिल, काठ, फर्निचर बिक्रेता, इन्टरनेट नेटवर्किङ, केवल नेटवर्किङ, क्यासिनो, घरनक्सा डिजाइन कन्सल्टेन्सी व्यवसायहरूमा अनुसूची-४ मा तोकिएको दरमा सामाजिक विकास कोष शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) यो शुल्क व्यवसाय करसँगै असूल उपर गरिनेछ।

१३. **मर्मत संभार शुल्कः**

(१) स्थानीय सडक तथा पूर्वाधारहरूको मर्मत संभारका लागि रंग रोगन, पेट्रोलियम पदार्थ, निर्माण सामाग्री सवारी साधन, निर्माण व्यवसाय, 'घ' बर्गको निर्माण व्यवसाय इजाजतपत्र, खनिज उत्खनन् र प्रशोधन, सडक, पुल, रोपवे, ट्रलिबस, टनेल, फ्लाइङ्ग बिज तथा औद्योगिक ब्यापारिक एवं आवास कम्ल्पेक्स निर्माण गरी सञ्चालन गर्ने, हेवी इक्विपमेण्ट, बस, ट्रक, कार, टेम्पो, मोटर साइकल, साइकल मर्मत कारखाना, ईटा उद्योग, गैर सरकारी संस्था, पानी बोक्ने ट्याङ्कर, पानी संकलन बिक्री व्यवसायहरूमा अनुसूची-४ मा तोकिएको दरमा मर्मत संभार कोष शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) यो शुल्क व्यवसाय करसँगै असुल उपर गरिनेछ।

१४. **विपद व्यबस्थापन कोष शुल्कः**

(१) विपद व्यबस्थापन कोष सञ्चालन कार्यविधिमा व्यवस्था भए बमोजिम विपद व्यबस्थापनका कामहरूका लागि, डिपार्टमेण्ट स्टोर, मिनीमार्ट, इलेक्ट्रोनिक्स, इलेक्ट्रिकल्स, दूर सञ्चारको टावर, व्यवसायहरू र अनुमति, सिफारिसहरूमा अनुसूची-४ मा तोकिएको दरमा विपद व्यबस्थापन कोष शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) यो शुल्क व्यवसाय करसँगै असुल उपर गरिनेछ।

१५. **प्रक्रिया सरलीकरण तथा बाधा अड्काउ फुकुवा गर्न सक्ने:**

यस ऐनको कार्यान्वयनको क्रममा सार्बजनिक शान्ति, व्यवस्था वा अवागमनमा खलल् वा अवरोध हुन जाने संभावना वा विपद्को कारणले कुनै जटिलता देखिएमा नगर कार्यपालिकाले आवश्यकतानुसार लगाइएको दस्तुर, शुल्क वा करको दर घटाउन, बढाउन वा पूर्ण वा आंशिक रूपमा छुट दिन वा अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको कुनै बाधा फुकाउन सक्नेछ।

१६. **प्रहरीको सेवा लिन वा नगर प्रहरी खटाउन सक्ने:**

यो ऐन र अन्य कानूनले नगरपालिकाले गर्ने भनी तोकिएका वा नगरकार्यपालिका वा नगरपालिकाको न्यायिक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्नगराउन नेपाल प्रहरीको सहयोग माग्न वा नगर प्रहरी वा नगरप्रहरीको काम गर्न सेवा संझौता गरीलिएको जनशक्तिलाई नगरपालिकाले खटाउन सक्नेछ।

१७. **कर उठाउने अधिकार:**

यो ऐन बमोजिम कर, मालपोत, शुल्क, दस्तुर उठाउने कर्मचारीको अधिकार क्षेत्र प्रमुख प्रशासकीय अधिकृतले निर्धारण गर्नेछ।

१८. **कर असुल गर्दा घटी बढि भएमा:** यस ऐन अनुसार नगरपालिकाले करदातासँग कर, मालपोत, शुल्क, दस्तुरअसुल गर्दा अंक गणितीय भूल वा प्रविधि वा प्राविधिक कमजोरीका कारणले करदाताबाट घटी असुल भएकोमा बाँकी थप गरी करदाताबाट असुल गर्न र करदाताबाट बढी असुल गरेको देखिएमा लाग्ने जति कटाई बढी भए जति सम्बन्धित करदातालाई त्यस्तो कर रकम फिर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ।

१९. **विज्ञापन कर:** महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र विभिन्न हिसावले गरिएका विज्ञापनहरूमा अनुसूची -१० बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

२०. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि महालक्ष्मी नगरपालिका, ललितपुरले तोके अनुसार हुनेछ।

अनुसूची–१

(दफा १ सँग सम्बन्धित)

## महालक्ष्मी नगरपालिका, ललितपुरको सम्पत्ती करको दर

| क्र.सं. | विवरण | कायम दर प्रति स्क्वायर फिट (रुपैया) |
|---|---|---|
| १ | प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नाफा कमाउने प्रयोजनका निमित्त प्रयोग गरिएको भवन, व्यापारिक कम्प्लेक्स, निजी विद्यालय, निजी स्वास्थ्य संस्था तथा ग्वार्को पुलदेखि ढुङ्गिनसम्म १० मिटर भन्दा बढी चौडा बाटोले छोएको क्षेत्रभित्र बनेका सबै घर तथा भौतिक संरचना | ०.७ |
| २ | आर सी सीफ्रेम स्ट्रक्चर घर | ०.५ |
| ३ | सिमेन्टको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो भएको घर | ०.४ |
| ४ | सिमेन्टको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छानो भएको घर | ०.३ |
| ५ | माटो जोडाइमा ईट्टा वा ढुङ्गाको गारो आर सी सी छानो भएको घर | ०.३ |
| ६ | माटो जोडाइमा ईट्टा वा ढुंगाको गारो जस्ता टायलको छानो भएको घर | ०.२५ |
| ७ | बाहिर पाको भित्र कच्ची ईट्टा वा ढुङ्गाको ईट्टा वा माटो जोडाईमा आर.सि. सि. जस्ता टायलको छानो भएको घर | ०.२५ |
| ८ | ब्लक वा ट्रस र आइबिमको स्थायी संरचना | ०.३ |
| ९ | प्रिफ्याब तथा घर टहरा | ०.१ |
| १० | कच्ची घर अस्थायी टहरा | ०.१ |

अनुसूची-२
(दफा २ सँग सम्बन्धित)

## महालक्ष्मी नगरपालिका, ललितपुरको भूमिकर (मालपोत) को दर

| क्र.सं. | विवरण | कायम दर प्रति आना (रुपैया) |
| --- | --- | --- |
| १ | कर्मनासा खोला देखि गोदावरी खोला वारी सम्म १० मिटर वा सो भन्दा बढी चौडा बाटोले छोएको जग्गा | ३० |
| २ | गोदावरी खोला वारी र पारी ढुङ्गिन सम्म १० मिटर भन्दा कम चौडा बाटोले छोएको र वडा नं. १, २, ३ ४ ५ र ६ का बाँकी सबै जग्गाहरु | २० |
| ३ | वडा नं. ६,७, ८ र ९ का गोरेटो वाटाले छोएका जग्गाहरु | १० |
| ४ | वडा नं. १० का सबै जग्गा तथा जुनसुकै वडाका बाटोले नछोएको तथा भीरपाखो जग्गाहरु | ६ |
| ५ | वर्षभरी नै बाँजो राखिएको जग्गाको ह्रास कर प्रति कित्ता | ५०० |
| ६ | गोदावरी खोला करिडोरमा पर्ने जग्गा | ५ |
| ७ | गोदावरी खोला करिडोरले छोएको जग्गा | २० |

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)

## महालक्ष्मी नगरपालिका, ललितपुरको घरभाडामा दिंदाको करको दर

| क्र.सं. | विवरण | कायम दर प्रतिशत (घरभाडा रकमको) |
| --- | --- | --- |
| १ | व्यवसायिक प्रयोजनमा भाडामा लगाएको घर | १० |
| २ | आवासीय प्रयोजनमा भाडामा लगाएको घर | ५ |
| ३ | अन्य प्रयोजनमा भाडामा लगाएको | १० |

## अनुसूची-४

(दफा ५ सँग सम्बन्धित)

## महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी स्थानान्तरण, वार्षिक कर र विशेष कोष शुल्कका दरहरू

| क्र. सं | (१) ब्यापारिक बस्तु | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | चिया पसल | ५०० | २०० | २०० | ३०० | - | १०० |
| २ | क्याफे | १५०० | १००० | १००० | ५०० | - | ५०० |
| ३ | बुटिक | ५००० | २००० | २००० | २००० | - | ५०० |
| ४ | तेल मिल | ३००० | १००० | ५०० | १००० | - | १०० |
| ५ | चामल मिल | ३००० | १००० | ५०० | १००० | - | १०० |
| ६ | मसला मिल | १००० | ५०० | २०० | २०० | - | १०० |
| ७ | अण्डा सप्लायर्स | २००० | १००० | १००० | १००० | - | १०० |
| ८ | सूर्ति तथा सूर्तिजन्य पदार्थ | १५०० | १००० | २०० | २०० | - | १०० |
| ९ | मदिरा तथा मदिराजन्य पदार्थ | ४००० | ३५०० | ६०० | ६०० | - | २०० |
| १० | पेय पदार्थ, जुस तथा फलफूल | १००० | ८०० | २०० | २०० | - | ५० |
| ११ | ज्वेलरी | ८००० | ६००० | १००० | १००० | - | ३०० |
| १२ | आल्मुनियम, तामा, पित्तल, स्टील, फलाम लगायतका भाँडाकुँडा | २२०० | २००० | ४०० | ४०० | - | १०० |
| १३ | लत्ता, कपडा, जुत्ता | १५०० | १००० | ४०० | ४०० | - | १०० |
| १४ | घडी, चश्मा, ब्यागतथा छाला जुत्ता | ३००० | १००० | ५०० | ५०० | - | १०० |
| १५ | कस्मेटिक, ब्युटीपार्लर, केश श्रृंगार, ड्राई क्लिनर्स, फोटो स्टूडियो, सिलाई | १८०० | १५०० | ३०० | ३०० | - | १०० |
| १६ | स्टेशनरी, पुस्तक तथा स्पोर्टस पसल (ठूलो) | ३००० | २००० | ६०० | ६०० | - | ३०० |
| १७ | स्टेशनरी, पुस्तक तथा स्पोर्टस पसल (सानो) | १००० | ५०० | १०० | १०० | - | ५० |
| १८ | भिडियो क्यासेट | १५०० | ११०० | २०० | २०० | - | ५० |
| १९ | रङ्ग रोगन | ८००० | ५००० | १००० | १००० | - | ३०० |
| २० | दैनिक उपभोग्य वस्तु | २००० | १००० | ५०० | ५०० | - | १०० |
| २१ | डिपार्टमेन्ट स्टोर | १५००० | ११००० | ३००० | ३००० | - | ५०० |
| २२ | मिनिमार्ट | ११००० | ८५०० | २००० | २००० | - | ३०० |
| २३ | स्यानिटरी, टायल तथा मार्वल | १५००० | ११००० | ३००० | ३००० | - | ५०० |
| २४ | इलेक्ट्रोनिक्स | ११००० | ८००० | २००० | २००० | - | ३०० |
| २५ | इलेक्ट्रीकल्स | ३००० | २००० | ५०० | ५०० | - | १०० |
| २६ | पेट्रोलियम पदार्थ | २५००० | १५००० | ३००० | ३००० | - | ५०० |
| २७ | मोटरसाईकल पार्टस पसल | २५०० | १५०० | ५०० | ५०० | - | २०० |
| २८ | निर्माण सामग्री/हार्डवेयर | ११००० | १०००० | २००० | २००० | - | ३०० |
| २९ | सवारी साधन चार पाङ्ग्रे (सोरुम) | १००००० | ६०००० | ६०००० | ६०००० | - | १०००० |
| ३० | सवारी साधन (दुई पाङ्ग्रे) | ५०००० | २५००० | २५००० | २५००० | - | ५००० |
| ३१ | रिकन्डिसन (चार पाङ्ग्रे) | ५०००० | २५००० | २५००० | २५००० | - | ५००० |
| ३२ | रिकन्डिसन (दुई पाङ्ग्रे) | २५००० | १०००० | १०००० | १०००० | - | ३००० |
| ३३ | ज्वेलरी कारखाना | ५०००० | २५००० | २५००० | २५००० | - | ५००० |
| ३४ | मोटर वर्कशप | १५००० | ५००० | ५००० | ५००० | - | १००० |
| ३५ | मोटरसाइकल वर्कशप | ५००० | २००० | २००० | २००० | - | ५०० |
| ३६ | वाशिङ्ग सेण्टर | ३००० | १५०० | १५०० | १५०० | - | ५०० |
| ३७ | औषधि पसल तथा फार्मेसी | २००० | १००० | ५०० | १००० | - | १०० |
| ३८ | रेष्टुरेण्ट एण्ड वार | ३००० | १००० | ५०० | १००० | - | १०० |
| ३९ | मोवाईल मर्मत र विक्री | ५०० | ४०० | २०० | ३०० | - | १०० |
| ४० | दूध डेरी | ५०० | २०० | २०० | ३०० | - | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | थ्रि फेज मिटर जडान सिफारिस दस्तुर | | | | | - | १००० |
| ४२ | फिटनेश सेन्टर | ५०० | २०० | २०० | ३०० | - | १०० |
| ४३ | ट्रेकिङ्ग व्यवसाय | १००० | ८०० | ८०० | ८०० | - | १००० |
| ४४ | ग्रिल उद्योग | १५०० | १००० | १००० | ५०० | - | ५०० |
| ४५ | सशेज उत्पादन व्यवसाय दर्ता | ५०० | २०० | २०० | ३०० | - | १०० |
| ४६ | ग्यास डिपो | १५०० | ७०० | १५०० | २००० | | १०० |
| ४७ | ग्यास बिक्रेता र अक्सिजन | ५०० | २०० | २०० | ३०० | | १०० |
| ४८ | ह्यान्डी क्र्याफ्ट | १०० | १०० | १०० | १०० | | १०० |
| ४९ | आर्थिक लेनदेनको कागज प्रमाणीकरण घरजग्गा खरिद विक्रि १० लाख भन्दा बढी | ० | ० | ० | ० | ० | ५००० |
| ५० | आर्थिक लेनदेनको कागज प्रमाणीकरण अन्य | ० | ० | ० | ० | ० | १००० |
| ५१ | ह्याचरी हाउस | २००० | १००० | २००० | ३००० | | १०० |
| ५२ | सैलुन | | | | | | १०० |
| ५३ | आयुर्वेदिक औषधालय तथा उपचार केन्द्र | २००० | ५०० | ५०० | १००० | | १०० |
| ५४ | भूमिगत जलश्रोत तथा सतहको पानी संकलन व्यवसाय | १५००० | १०००० | ३००० | ३००० | | १००० |
| ५५ | होम स्टे | १०० | १०० | १०० | १०० | | १०० |
| ५६ | ईटा उद्योग | प्रतिचिम्नी | ३००००० | | | | |
| ५७ | हस्पिटल निजी | | | | | | ५५००० |
| ५८ | सुधार गृह | २००० | ५०० | ५०० | १००० | | १०० |
| ५९ | सहकारी कृषि/दुग्ध | २००० | | ५०० | १००० | | १०० |
| ६० | सहकारी अन्य | ३००० | | ३००० | १५०० | | ५०० |
| ६१ | काँचो ईटा उत्पादन गर्ने व्यवसायप्रति रोपनी | | | | | | ३००० |
| ६२ | सफ्टवेयर निर्माण कम्पनी | १००० | ५०० | १००० | १००० | | १०० |
| ६३ | अनलाइन व्यवसाय | १००० | ५०० | १००० | १००० | | १०० |
| ६४ | ईट्टा, बालुवा, ढुङ्गा र चिप्स डिपोर सप्लायर्स | ५००० | ४५०० | २००० | २००० | | १०० |
| ६५ | सिमेन्ट, ब्लकर सिमेन्टको ईट्टा टायल उद्योग व्यवसाय | ५००० | ४५०० | २००० | २००० | | १०० |
| ६६ | तरकारी पसल | १००० | ५०० | २०० | २०० | | १०० |
| ६७ | आल्मुनियम फर्निचर उद्योग | ३००० | २००० | १००० | १५०० | | १०० |
| ६८ | ग्रोसरी | ५००० | ३००० | १००० | १००० | | १०० |
| ६९ | धार्मिक संस्था दर्ता | ५०० | १०० | - | ५०० | - | - |
| ७० | लन्ड्री | ५०० | २०० | १०० | १०० | | १०० |
| ७१ | मुर्तिकला र भँडाकुडा निर्माण | ५००० | ३००० | १००० | १००० | | १०० |
| ७२ | आयात निर्यात व्यवसाय | ७००० | ५००० | २००० | २००० | | १०० |
| ७३ | कृषि विउ बिजन तथा किटनाशक | १००० | ५०० | २०० | २०० | | १०० |
| ७४ | चश्मा पसल | १५०० | १००० | ५०० | ५०० | | १०० |
| ७५ | सेक्युरिटि गार्ड र सप्लायर्स | ५००० | ४५०० | २००० | २००० | | १०० |
| ७६ | गाई भैंसी फर्म | १००० | ५०० | २०० | २०० | | १०० |
| ७७ | माथिको वर्गिकरणमा समावेश नभएको सेवा व्यवसायमा कारोबारमा लाग्ने | २००० | १००० | १००० | १००० | | १०० |

| क्र.सं. | (२) विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | चिकित्सक | - | - | - | - | ५००० | ० |
| २ | कविराज | - | - | - | - | १००० | ० |
| ३ | इन्जीनियर | - | - | - | - | ५००० | ० |
| ४ | कानून व्यवसायी | - | - | - | - | १५०० | ० |
| ५ | लेखा परीक्षक | - | - | - | - | १५०० | ० |
| ६ | दन्तचिकित्सक | - | - | - | - | १५०० | ० |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | - | - | - | - | १५०० | ० |
| ८ | कम्प्युटर एनालिस्ट तथा प्रोगामर | - | - | - | - | १५०० | ० |
| ९ | वीमा एजेन्ट | - | - | - | - | १५०० | ० |
| १० | सर्भेयर | - | - | - | - | १५०० | ० |
| ११ | अनुवादक | - | - | - | - | १५०० | ० |
| १२ | पशु चिकित्सक | - | - | - | - | १५०० | ० |
| १३ | शेयर दलाल | - | - | - | - | १५०० | ० |
| १४ | सामान ढुवानीकर्ता तथा कम्पनी | - | - | - | - | २००० | ० |
| १५ | संस्थागत पेन्टर | - | - | - | - | ५००० | ० |

| क्र.सं | (३) निर्माण व्यवसाय | दर्ता दस्तुर | नविकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय (क र ख वर्ग) | १०००० | ५००० | ५००० | ५००० | | ५०० |
| २ | नगरपालिकामा प्रधानकार्यालय भएको निर्माण व्यवसाय (ग वर्ग) | ५००० | ५००० | ५००० | ५००० | | ४०० |
| ३ | घ वर्गको निर्माण व्यवसाय इजाजतपत्र दस्तुर | ५००० | ५००० | ५००० | ५००० | | ३०० |

| क्र.सं | (४) उत्पादन मूलक उद्योग | दर्ता दस्तुर | नविकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | कोरा मालवाअर्ध प्रशोधितमालवा खेर गईरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय | ५००० | ४००० | २००० | २००० | | ० |
| २ | गाइ भैंसी बाखा फर्म | ० | ० | ० | | | |
| ३ | व्यवसायिक प्रयोजनको लागि लिएको जग्गा भाडा कर | ० | ० | ० | ० | ० | ५०० |
| ४ | घरेलु उत्पादन उद्योग (नपाद्वारा तालिमप्रदान गरिएको) | ० | ० | ० | ० | ० | ५०० |
| | | ० | ० | ० | ० | ० | ५०० |

| क्र. सं. | (५) ऊर्जामूलक उद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | जलस्रोत, वायु, सौर्य शक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस तथाअन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय | २००० | १८०० | ३०० | ३०० | | ० |

| क्र. सं. | (६) कृषि तथा वनजन्य उद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा वनजन्य उद्योग, कृषि, वन, वन पैदावारमा आधारित उद्योग (व्यवसायमा प्रस्तावित दरमा ५० प्रतिशत छुट हुने) | २५०० | २००० | ३०० | ३०० | | ० |
| २ | काठगोदाम तथा काठमील | १५००० | १०००० | ७५०० | ७५०० | | ५०० |

| क्र. सं. | (७) खनिज उद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसाय | २०००० | १५००० | १०००० | १०००० | | ५०० |

| क्र. सं. | (८) पर्यटन उद्योग तथा होटल व्यवसाय | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | तीनतारे वा सो भन्दा माथिल्लो स्तरको होटल | ३००००० | २०००० | १०००० | १०००० | | ७०० |
| २ | रिसोर्ट, स्काइ ग्लाइडिङ्ग, पाराग्लाइडिङ्ग, ट्राभल एजेन्सी | १५००० | १०००० | ७५०० | ७५०० | | ५०० |
| ३ | होटल एण्ड लज | ११००० | ५००० | ७५०० | ७५०० | | ३०० |
| ४ | खाजा घर | १००० | ७०० | ३०० | २०० | | १०० |

| क्र. सं. | (९) सेवाउद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | छापाखाना, परामर्श सेवा, जिनिंग तथा वेलिंग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा शित भण्डार आदि उद्योग व्यवसाय | २२०० | २००० | ४०० | ४०० | | १०० |

| क्र. सं. | (१०) निर्माण उद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | सडक, पूल, रोपवे, ट्रलिबस, टनेल, फ्लाइंङ्ग बृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसाय | २५००० | १५००० | १०००० | ६००० | | ५०० |

| क्र. सं. | (११) संचार सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | निजी क्षेत्रको हुलाक सेवा, कुरियर सेवा | १००० | ९०० | २०० | २०० | | ० |
| २ | निजी क्षेत्रको टेलिफोन, फ्याक्स, फोटोकपि, मोबाईल फोन, एस.टी.डी., आ.ई.एस.डी., ईमेल, इन्टरनेट, रेडियो पेजिंग, आदि | १५०० | १३०० | २०० | २०० | | ० |
| ३ | दूर संचारको टावर राख्ने अनुमति सिफारिस | - | - | - | - | २५००० | १००० |
| ४ | औषधि तथा औषधिजन्य उद्योग | १५००० | १०००० | १०००० | १०००० | | ५०० |
| ५ | खाद्य उद्योग (चाउचाउ, बिस्कुट वेकरी लगायत) | १०००० | ५००० | ५००० | ५००० | | १०० |
| ६ | छपाई तथा प्रकाशन प्रिन्टीङ्ग प्रेस | ५०० | ३०० | २०० | २०० | | १०० |
| ७ | छपाई तथा प्रकाशन अफसेट प्रेस | १०००० | ५००० | ५००० | ५००० | | ५०० |

| क्र. सं. | (१२) वित्तीय सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंकहरु | - | - | - | - | १४५०० | ५०० |
| २ | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय/फाइनान्स | - | - | - | - | १०००० | ५०० |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | - | - | - | - | २००० | १०० |
| ४ | बीमा कम्पनी | - | - | - | - | १०००० | ५०० |
| ५ | विदेशी मुद्रा सटही | - | - | - | - | ३००० | २०० |
| ६ | धितोपत्र कारोबार | - | - | - | - | ४००० | ३०० |
| ७ | सहकारी बैंक | - | - | - | - | २००० | १०० |
| ८ | सहकारी ५ करोड देखि माथिका | | | | | ५००० | |
| ९ | सहकारी ५करोड सम्मका | | | | | २००० | |
| १० | महिला, कृषि र दुग्ध सहकारी | | | | | १००० | |

| क्र. सं. | (१३) स्वास्थ्य सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | गैर सरकारी अस्पताल | - | - | - | - | १५००० | २०० |
| २ | नर्सिङ्ग होम | - | - | - | - | १५००० | २०० |
| ३ | पोलिक्लिनिक | | | | | १०००० | १५० |
| ४ | क्लिनिक तथा ल्याव | - | - | - | - | ५००० | १०० |

| क्र. सं. | (१४) शिक्षा सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान केन्द्र | ३००० | २००० | ५०० | ५०० | | १०० |
| २ | टाइपिंङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | २००० | १५०० | ५०० | ५०० | | १०० |
| ३ | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | | | | | १०००० | १०० |

| क्र. सं. | (१५) मर्मत तथा संभार सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | हेभी इक्विपमेन्ट | २०००० | १०००० | १०००० | १००० | | ५०० |
| २ | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, विद्युत सामाग्री मर्मत केन्द्र | १५०० | १००० | २०० | २०० | | ५० |

| क्र. सं. | (१६) अन्य सेवा | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | पार्टी प्यालेस | २०००० | १५००० | ५००० | ५००० | | ५०० |
| २ | विज्ञापन सेवा | ५०० | ४०० | २०० | २०० | | ० |
| ३ | बैदेशिक रोजगार सेवा | १०००० | ७००० | ३०० | ३०० | | ५०० |
| ४ | स्वदेशी रोजगार सेवा | १००० | ८०० | ३०० | १००० | | ० |
| ५ | सेक्रेटेरियल सेवा | १५०० | १२०० | ३०० | ३०० | | ० |
| ६ | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री रियल स्टेट | २५००० | २०००० | १००० | १००० | | १००० |
| ७ | साईन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | १५०० | १००० | २०० | २०० | | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | पशु बधशाला | २००० | १८०० | २०० | २०० | | १०० |
| ९ | पुल हाउस तथा स्नुकर | ३००० | २५०० | ५०० | ५०० | | १०० |
| १० | सिसा प्लाईउड बिक्रेता | १००० | ९०० | २०० | २०० | | ५० |
| ११ | स्टील काठ फर्निचर बिक्रेता | ५००० | ४००० | ६०० | ६०० | | १०० |
| १२ | खेलौना, उपहार बिक्रेता | १००० | ९०० | २०० | २०० | | ० |
| १३ | केबुल नेटवर्किङ्ग | ५००० | ३००० | २०० | २०० | | १०० |
| १४ | इन्टरनेट नेटवर्किङ्ग | ८००० | ७००० | ६०० | ६०० | | २०० |

| क. सं. | (१७) अन्य व्यवसाय | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | पार्क, पिकनिक स्पट | - | - | - | - | १५०० | ० |
| २ | टुर अपरेटर | - | - | - | - | ५००० | ० |
| ३ | मसाज पार्लर | ४००० | ३००० | ६०० | ६०० | | ० |
| ४ | स्वमिङ्ग पुल | १०००० | ७००० | ५००० | - | | २०० |
| ५ | ड्राइभिङ्ग इन्सिच्यूट | ३००० | २५०० | ४०० | ४०० | | ५०० |
| ६ | फुटसल/क्रिकेट र बास्केटबल टेनिङ | २००० | १००० | १००० | १००० | | १०० |
| ७ | फुटसल | १०००० | ५००० | ५००० | ५००० | | ५०० |
| ८ | होस्टेल | ३५०० | ३००० | ४०० | ४०० | | ० |

| क. सं. | (१८) अस्थायी हाट, बजार वा घुम्ती पसल पटके | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | सिमेन्ट ब्लक | ५००० | ३००० | | | | ५०० |
| २ | गैर सरकारी संस्था आवद्धता | ३००० | २५०० | १५०० | १५०० | | |
| ३ | पानीबोक्ने ट्याङ्कर व्यवसाय | - | - | - | - | १०००० | ५०० |
| ४ | भूमीगतजलस्रोत तथा सतह स्रोत मार्फत पानी संकलन गरी व्यवसाय गर्ने व्यवसायी | - | - | - | - | १०००० | १००० |

| क. सं. | (१९) मासुजन्य व्यवसाय | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | क. राँगा | - | - | - | - | १५०० | १०० |
| २ | ख. खसी र बोका | - | - | - | - | १००० | १०० |
| ३ | ग. कुखुरा र हाँस | - | - | - | - | ५०० | १०० |

| क. सं. | (२०) मासुजन्य उद्योग | दर्ता दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शूल्क |
|---|---|---|---|---|---|---|---|
| १ | क. राँगा | - | - | - | - | ५००० | ५०० |
| २ | ख. खसी र बोका | - | - | - | - | ३००० | ५०० |
| ३ | ग. कुखुरा र हाँस | - | - | - | - | २००० | ५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क. सं. | (२१) घर नक्सा डिजायन कन्सल्टेन्सी | १०००० | ५००० | ५००० | | | ५०० |
| क. सं. | (२२) भूकम्प प्रतिरोधी भवन निमार्ण सम्बन्धी तालिम लिएका निमार्ण व्यवसायी/ठेकेदारको सूचीकरण | १५०० | १००० | ६०० | ६०० | | ० |

अनुसूची - ६
दफा ७ सँग सम्बन्धित

## महालक्ष्मी नगरपालिका, ललितपुरको पार्किङ्ग शुल्कको दर

| क्र.सं | विवरण | प्रतिघण्टा कर | प्रतिदिन |
|---|---|---|---|
| १ | ट्रक, बस, लहरी, मिनी ट्रक, मिनि बस, ट्र्याक्टर, क्रेन, डोजर, पावर टिलर, अन्य | २० | २०० |
| २ | कार, जीप, डेलिभरी भ्यान, टेम्पो, अटो रिक्सा | ५ | ५० |
| ३ | मोटर साइकल, स्कुटर, मोपेड | ५ | ५० |

अनुसूची -७
दफा ८ सँग सम्बन्धित

## महालक्ष्मी नगरपालिका, ललितपुरको जडिबुटी, कबाडी र जीवजन्तु करको दर

| क्र.सं | १) व्यापारिक बस्तु | दर्ता दस्तुर | नविकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक कर | शुल्क |
|---|---|---|---|---|---|---|---|
| १ | कवाडी व्यवसाय | १५००० | १०००० | १००० | ० | | |
| २ | ऊन, खोटो, जडिबुटी, बनकस व्यवसाय | ५०० | ३०० | २०० | ० | | |
| ३ | प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेक अन्य मृत वा मारिएको हाड सिङछाला प्वाँख जस्ता व्यवसायिक कारोवार | १०० | ० | ० | ० | ० | |

अनुसूची - ८
दफा ८ को उपदफा (१) सँग सम्बन्धित

## महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दर

| क्र.सं | व्यवसाय | दर्ता दस्तुर | नविकरण दस्तुर | नामसारी दस्तुर | स्थानान्तरण दस्तुर | वार्षिक सेवाशुल्क |
|---|---|---|---|---|---|---|
| १ | केबुलकार | २०००० | ५००० | - | - | ५००० |
| २ | ट्रेकिङ | १००० | ५०० | - | - | ५०० |
| ३ | कायकिङ, क्यानोनिङ, बन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग | २००० | १००० | ० | ० | १००० |

अनुसूची - ९
दफा ९ को उपदफा (२) सँग सम्बन्धित

## महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दर

१) महालक्ष्मी नगरपालिका, ललितपुरको घर निर्माण नक्सापास, नामसारी, नवीकरण गर्दा लाग्ने शुल्क तथा दस्तुर

| क्र.सं | विषय | शुल्कतथा दस्तुर | एकाई | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसायिक भवनको नक्सा पास | ११ | प्रतिवर्ग फूट | |
| २ | हाउजिङ्गका घर नक्सा पास | १५ | प्रतिवर्ग फूट | |
| ३ | आवासीय भवनको नक्सा पास | ७ | प्रतिवर्ग फूट | |
| ४ | नक्सा नवीकरण | ३ | प्रतिवर्ग फूट | |
| ५ | नक्सा नामसारी तीनपुस्ते भित्र | ५०० | प्रतिनक्सा | |
| ६ | नक्सा नामसारी तीनपुस्ते बाहिर | २ | प्रतिवर्ग फूट | |
| ७ | घर नक्सा संशोधन | २५०० | प्रतिनक्सा | |
| ८ | सम्पत्ति मुल्यांकन | ०।५ | प्रतिहजार | |

(२) घर बाटो सिफारिस दस्तुर आना पछिको चानचुन एकाईलाई कर प्रयोजनको निमित्त गणना नगरिने

| क्र.सं | विषय | शुल्क तथा दस्तुर | एकाई | कैफियत |
|---|---|---|---|---|
| १ | मुल बिच सडक | ६५० | प्रतिआना | |
| २ | कच्ची मोटर बाटो | ३५० | प्रतिआना | |
| ३ | सहायक पिच बाटो | ४५० | प्रतिआना | |
| ४ | गोरेटो बाटो | २०० | प्रतिआना | |
| ५ | बाटो नभएको | १५० | प्रतिआना | |
| ६ | अंश बण्डा सिफारिस | ७५० | प्रतिसिफारिस | |
| ७ | चारकिल्ला सिफारिस | ७०० | प्रतिकित्ता | |
| ९ | पुर्जामा घर जनाउने | ५०० | प्रतिसिफारिस | |
| १० | पिच सडक खन्न सिफारिस | २००० | प्रतिवर्गमिटर | |
| ११ | पक्की घर मूल्याङ्कन | १५०० | प्रतिवर्गफिट | |
| १२ | कच्ची घर मूल्याङ्कन | १००० | प्रतिवर्गफिट | |

३) शिक्षालयहरुको अभिलेखीकरण तथा नवीकरण गर्दा लाग्ने दस्तुर

| क्र.सं | विवरण | आबद्धता र अभिलेखिकरण शुल्क | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | क्याम्पस तथा विश्व विद्यालयहरु | २५००० | १०००० | |
| २ | आधारभूत तथा माध्यामिक विद्यालय | १५००० | १०००० | ५०० भन्दा कम विद्यार्थी संख्या भएको |
| ३ | आधारभूत तथा माध्यामिक विद्यालय | २०००० | १०००० | ५०१ देखि १००० सम्म विद्यार्थी संख्या भएको |
| ४ | आधारभूत तथा माध्यामिक विद्यालय | २५००० | १०००० | १००१ भन्दा बढी विद्यार्थी संख्या भएको |
| ५ | पूर्व प्राथमिक | १०००० | ५००० | |

४. प्रत्येक कक्षा थपमा १ देखि ८ सम्म रु १०,००० /- र ९ देखि १२ कक्षा सम्म रु. २०,०००/- दस्तुर लाग्नेछ ।

५. विद्यालयको स्थान, स्वामित्व र नाम परिवर्तन

| क्र.सं. | तह | आन्तरिक स्थानान्तरण दस्तुर | बाह्य स्थानान्तरण दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | पूर्व प्राथमिक | ५००० | १०००० | |
| २ | आधारभूत तह | १०००० | २०००० | |
| ३ | माध्यामिक तह | १५००० | ५०००० | |

६. विद्यालयको स्वामित्व परिवर्तन गर्दा रु. २५,०००/- र नाम परिवर्तन गर्दा रु. १५,००० /- दस्तुर लाग्नेछ ।

७. अन्य शूल्क तथा दस्तुरहरु

| क्र.सं. | विवरण | दर | एकाई | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा प्रमाणपत्र प्रतिलिपी प्रमाणित | १५०० | प्रतिगोटा | |
| २ | अस्थायी स्वीकृती प्रमाणपत्र | ५०० | प्रतिनक्सा | |
| ३ | स्थायी स्वीकृति | ५०० | प्रतिनक्सा | |
| ४ | आवासीय भवनको निर्माण सम्पन्न प्रमाणपत्र | १००० | प्रतिनक्सा | |
| ५ | आवासीय भवनको निर्माण सम्पन्न प्रमाणपत्र /(भुकम्प पिडितलाई ५० प्रतिशत छुट) | १००० | प्रतिनक्सा | |
| ६ | व्यवसायिक भवनको निर्माण सम्पन्न प्रमाणपत्र | ५ | प्रतिवर्गफूट | |
| ७ | व्यवसायीक भवनको अभिलेखीकरण प्रमाणपत्र | ५ | प्रतिवर्गफूट | |
| ८ | नक्सा दरखास्त फारम | १००० | प्रतिगोटा | |

| | | | | |
|---|---|---|---|---|
| ९ | वैदेशिक प्रयोजनका लागि गरिने नाता प्रमाणीत | ५०० | - | |
| १० | निर्मित भवनको अभिलेखीकरण दरखास्त फारम | ५०० | प्रतिगोटा | |
| ११ | जग्गा प्लटिङ गर्दा शहरी विकास मन्त्रालय/नगरपालिकाले जारी गरेको मापदण्ड शर्त पुरा गरे पश्चात न.पा.बाट नीजी व्यवसाय स्वीकृत बापत | २००० | प्रतिआना | |
| १२ | बिजुली जडान सिफारिस नक्सापास भएकोमा | ५०० | प्रतिगोटा | |
| १३ | बिजुली जडान सिफारिस नक्सापास नभएकोमा/व्यवसायिक | १०००० | प्रतिगोटा | |
| १४ | बिजुली जडान सिफारिस नक्सापास नभएकोमा/स्वबासी र भूकम्प पीडित | ५०० | प्रतिगोटा | |
| १५ | फिटनेश क्लब | १५०० | | |
| १६ | ट्यूशन सेन्टर | १५०० | | |
| १७ | एफ एम दर्ता | ५००० | | |
| १८ | एफ एम नवीकरण | १००० | | |
| | माथि अनुसूचीहरुमा दर उल्लेख भएका बाहेक अन्य सबै सिफारिसहरुमा | ५०० | | वडाकार्यालयबाट नपामा गरिने सिफरिसमा नलाग्ने |

**८. न्यायीक समिति सम्बन्धी सेवा दस्तुर**

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | न्यायीक समितिमा पेश हुने उजुरी र प्रतिउत्तर पत्र दस्तुर लैगिंक हिंसा | १०० | |
| २ | न्यायीक समितिमा पेश हुने अन्यउजुरी र प्रतिउत्तर पत्र दस्तुर | ५०० | |
| ३ | न्यायीक समितिमा पेश हुने व्यबासीय प्रकृतिमा उजुरी र प्रतिउत्तर पत्र दस्तुर | १००० | |
| ४ | प्रतिलिपी पाउ भन्ने र अन्य साधारण निवेदन | १०० | |
| ५ | प्रतिलिपी दस्तुर | ५ | प्रति पेज |
| ६ | मिलापत्र दस्तुर | ५०० | |

प्रमाणिकरण मितिः २०७६/३/१३

नगरकार्यपालिकाको तर्फबाट

**लक्ष्मी प्रसाद रेग्मी**

महालक्ष्मी नगरकार्यपालिकाको सचिव

महालक्ष्मी नगरकार्यपालिका, ललितपुरमा मुद्रित। मूल्य रु. ३०।-